नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(समायोजन तथा संगठन विकास महाशाखा)
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

प.सं.:२०७५/०७६ चलानी संख्या: ६८८

मितिः २०७६।०३।०८

विषयः दरबन्दी कायम गरी जिम्मेवारी दिने सम्बन्धमा ।

श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सम्बन्धित प्रदेश ।

श्री सम्बन्धित स्थानीय तह, सबै ।

प्रस्तुत विषयमा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन गरिएको व्यहोरा अवगत नै छ । सो सम्बन्धमा नेपाल विविध सेवाकका प्रमुख महिला विकास अधिकृत, महिला विकास अधिकृत, महिला विकास निरीक्षक र सहायक महिला विकास निरीक्षक पदका कर्मचारीहरुको समायोजन संशोधन गर्दा निजहरुको समस्या र पारिवारिक/सामाजिक दायित्व समेतलाई मध्यनजर गरी सकारात्मक विभेदको नीति अनुसार सकेसम्म पायक पर्ने प्रदेश र स्थानीय तहमा निम्न बमोजिम गर्ने गरी मा. मन्त्रीस्तरको मिति २०७६/०२/२८ को निर्णयानुसार समायोजन संशोधन गरिएको छ । कर्मचारी समायोजन ऐन, २०७५, को दफा १७ बमोजिम निर्देशन तथा समन्वय समिति र गुनासो व्यवस्थापन समितिको निर्णय तथा सिफारिश समेतका आधारमा भएको संशोधन (पद समेत) बमोजिम समायोजन भएका कर्मचारीहरुलाई तोकिएकै पदमा हाजिर गराई तहाँबाट आवश्यकता अनुसार कामकाजमा लगाउने व्यवस्थाका लागि निर्णयानुसार अनुरोध छ ।

१. तहाँ खटाएका कर्मचारीहरुको पद नमिल्ने भएमा कर्मचारी समायोजन ऐन, २०७५ को दफा ३ को उपदफा (१०) बमोजिम तहाँबाटै दरबन्दी पुनरावलोकन गरी दरबन्दी मिलान गर्ने ।
२. दरबन्दी पुनरावलोकन गर्दा सम्बन्धित स्थानीय तहमा रिक्त रहेको प्रशासन सेवा/सामान्य प्रशासन समूह र विविध सेवाको दरबन्दी कट्टा गरी समायोजन भएको कर्मचारीको सेवा, समूह, पद र तह कायम गर्ने गरी मिलान गर्ने व्यवस्था मिलाउने ।
३. यसरी समायोजन भएका कर्मचारीको शैक्षिक योग्यता र अनुभव समेतका आधारमा सम्बन्धित स्थानीय तहको सेवा प्रवाहका लागि आवश्यक जिम्मेवारी दिई जुनसुकै कामकाजमा खटाउने गरी व्यवस्था मिलाउने ।
४. समायोजन भएका कर्मचारीहरुले आफ्नो योग्यता र अनुभवलाई सम्बन्धित स्थानीय तहले सेवा प्रवाहका लागि दिएको जिम्मेवारी इमान्दारीपूर्वक सम्पन्न गर्नुपर्ने ।

(गणेश प्रसाद आचार्य)
शाखा अधिकृत